९. विभिन्न प्रकारका कृषि औजार, उपकरण र  सामाग्री कृषकको हातमा पुऱ्याईएको र जसले परम्परागत जीविकामुखी कृषि प्रणालीमा सुधार गरीकृषिमा व्यवसायिककरण एवम् आधुनिकिकरण तर्फ जान मद्दत मिल्नेछ भन्ने विश्वास लिइएको छ ।

१०. यस नगरपालिकाको वडा नं १ र २ लाई पूर्ण आई पि एम युक्त वडाको रुपमा घोषणा गरी विभिन्न कार्यक्रमहरु संचालन गरिएको छ ।

११. यस वर्ष नगरपालिकालाई पूर्ण खोपयुक्त नगरपालिका घोषणा गर्न सफल भएका छौ । यस कार्यमा सहयोग गर्नु हुने सबै स्वास्थ्यकर्मी, स्वास्थ्य स्वयम् सेविका, कर्मचारी, जनप्रतिनिधि  एवम् सर्बसाधारण सबैमा धन्यवाद ब्यक्त गर्न चाहन्छु ।

१२. भण्डारा अस्पताल स्थापना तथा सञ्चालन र भवन निर्माण कार्य अन्तिम चरणमा पुगेको, स्वास्थ्य चौकीहरुबाट वार्है महिना सेवा प्रबाह,औषधी आपूर्ति, विद्यालय स्तरमा स्वास्थ्य प्रवर्द्धन गर्दै सेनिटरी प्याड वितरण गर्न सफल भएका छौ ।

१३. महिला स्वास्थ्य स्वयम्सेविकाहरुको हौसला वृद्धिको लागि मासिक रु.९००/०० का दरले दिने व्यवस्था गरी थप उर्जा प्रदान गर्ने कार्य गरिएको छ ।

१४. चेपाङ्ग समुदायलाई लक्षित गरी परिवार नियोजन कार्यक्रम प्रभावकारी रुपमा सम्पन्न गरिएको छ ।

१५. आयुर्वेदतर्फ वर्ष भरिनै औषधिको आपूर्तिको व्यवस्था गरिएको छ ।

१६. आयुर्वेद औषधालयको भवन निर्माणको लागि आवश्यक जग्गाको व्यवस्था गर्ने प्रक्रिया अगी बढाइएको छ । राप्ती नगरपालिका वार्ड नं.१ पिप्लेमा आर्युवेद गाँउघर क्लिनिक स्थापना गरी सञ्चालन गरिएको, आर्युवेद स्वास्थ्य सेवा तर्फ यस आ.व.मा जम्मा ४३०० जना सेवा ग्राहीले स्वास्थ्य सेवा दिइएको, राप्ती नगरपालिका वार्ड नं. ७ वीरेन्द्रनगरमा आर्युवेद औषधालयको भवन निर्माणको लागि वीरेन्द्रआदर्श मा.वि.संग जग्गा माग गरी भवन निर्माणको लागि मार्ग प्रश्स्त गरिएको ।

१७. आर्थिक प्रशासन शाखामा आधुनिक लेखा सफ्टवेयर व्यवस्था गरी सोहि प्रणालीबाट कार्य संचालन भएको छ । अनलाईन प्रणालीमा आवद्ध यस व्यवस्थापनले हामो आर्थिक कारोवारको पारदर्शिता, सरलता, सहजता महसुस गरिएको छ, । यस अवसरमा म आर्थिक प्रशासन शाखामा कार्यगर्ने सम्पूर्ण कर्मचारीलाई धन्यवाद दिन चाहन्छु ।

१८. विभिन्न समयमा आएको वाढीको कारण विपद्को सिर्जना हुदा खोज, राहात र उद्धारका कार्यहरु सरोकारवाला निकायको सहयोगमा पिडतलाई आवश्यक सहयोग कार्य गर्न सफल भयौं र वाढीवाट क्षति भएको वाटोघाटो, कुलोहरुको मर्मत गरी संचालन गर्न सहयोग गरिएको छ ।

१९. गरिवसंग विश्वेश्वर कार्यक्रमवाट वडा नं. १, २ र ३ का विपन्न परिवारका लागि गुडिया वनाउने तालिम, वाखा साटासाट कार्यक्रम एवम् धारा र शौचालय निर्मार्णमा सहयोग पुऱ्याएको छ ।

२०. यस नगरपालिका क्षेत्र भित्र रहेका अपाङ्ग वा फरक शारीरिक अवस्था भएकाहरुलाई हुइल्स चियर लगायत विभिन्न सामग्रीहरुको व्यवस्था गरेका छौ ।

२१. नगरपालिकाको Website update, Maintenance & Regular Support, नगरपालिकाको Mobile App. जारी रSupport, नगर प्रोफाइल निर्माण, राजश्व शाखामा सफ्ट्वयर जडान, मोवाइल एसएमएस प्रणाली सञ्चालन, शाखागत कम्प्युटरहरुको जडान तथा तालिम, सामाजिक सञ्जाल मार्फत नगरपालिकाको सूचना निरन्तर रुपमा प्रसारण गरिएको ।

२२. वाल विकास सहयोगी कार्यकर्ता कोटा ५ थप गरिएको, मासिक रु.१,०००/०० प्रोत्साहन भत्ता र मन्टेश्वरी विधिमा आधारित तालिम सञ्चालन गरिएको, कक्षा ८ को परीक्षा व्यवस्थापन सञ्चालनमा सुधार गरी सिकाई उपलव्धी/नतिजामा सुधार, कक्षा १० को लागि सवै मा.वि.हरुमा अतिरिक्त समय (कोचिङ्ग) कक्षा सञ्चालन, शैक्षिक क्यालेण्डर निर्माण गरी, शैक्षिक कार्यक्रमहरुलाई व्यवस्थित गरिएको, २०७६ वैशाख १ देखि वार्ड नं. १२ र १३ का कक्षा ५

भौतिक पूर्वाधारहरुको निर्माणको लागि योजनाहरु प्रस्ताव गर्ने नीति लिएकोछु । साथै, सम्भावित स्थानहरुमा धार्मिक पर्यटनको विकास गर्ने सोंच लिएको छु ।

**सूचना प्रविधि तथा संचार**

- संचारको राम्रो व्यवस्था नभएका पहाडी भूभागहरुमा त्यसलाई सहज बनाउन आवश्यक पहल गरिनेछ ।
- आफ्नै सर्भर सेटअप गरी सवै वडासंग डेडिकेट ईन्टरनेट जडान गरी डाइरेक्टलिङ्क गरिनेछ ।
- वडा नं. १०, ११, १२ र १३ मा पावर व्याकअप व्यवस्था सहित कम्प्युटर सामाग्री खरिद गरी जडान गर्ने योजना लिएको छु ।
- नगरपालिकाका सम्पूर्ण शाखा तथा कार्यक्रमलाई एउटै सफ्ट्वयर गरी गरी निर्माण गरिनेछ ।
- वायोम्याट्रिक हाजिरी प्रणाली लागू गरिनेछ । सवै वार्ड तथा शाखाहरुमा सिसिटिभी जडान गरी, कम्प्युटर तालिमको व्यवस्था गरी वाईफाई जोन सञ्चालन गरिनेछ ।

**नगरभित्रको सुशासन-चुस्त र दुरुस्त प्रशासन**

- नगरवासीहरुलाई बढी भन्दा बढी छिटो छरितो र पारदर्शी ढंगले सेवा प्रवाह गरिनेछ ।
- अहोरात्र रुपमा खटिनु हुने कर्मचारीहरुको उच्च मनोबलका साथ काम गराउनको लागि यस नगरपलिकामा कार्यरत कर्मचारीहरुलाई प्रोत्साहन भत्ता स्वरुप साविकमा दिइदै आएको सुविधालाई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्राप्त निर्देशिका अनुसार प्रोत्साहन भत्ता कटौती गरिएकोले नगरको विद्यमान कार्यक्रम र उपलब्ध जनशक्ति अनुसार अत्यन्त न्यून रहेकोले पदपूर्ति नहुदा सम्म विद्यमान जनशक्तिलाई अतिरिक्त समय (Over Time) काममा लगाई खाइपाई आएको तलब भत्ता अनुसार काम गरेको अवधि हिसाव गरी अतिरिक्त समय (Over Time) भत्ता प्रमुख प्रशासकीय अधिकृतको राय लिइ प्रमुख वा उपप्रमुखको सिफारिसमा उपलब्ध गराउने नीति लिएको छु ।
- नगरपालिका कार्यालय र वडा कार्यालयहरुका कामहरुलाई कम्प्युटराइजप्रणालीलाई व्यवस्थित गर्दै लगिनेछ
- नगरका हरेक कार्यालयमा उजुरी पेटिकालाई व्यवस्थित गरी आएका उजुरीहरुको चाडो भन्दा चाडो निरुपण गर्ने व्यवस्था मिलाइनेछ ।

**आयोजना कार्यान्वयनमा सुधार**

- आयोजना कार्यान्वयनलाई छिटो छरितो र पारदर्शी बनाउन र गुणस्तरीय सेवा प्रदान गर्न एक कार्यविधि र संयन्त्रको निर्माण गरिनेछ ।

अध्यक्ष महोदय, सदस्यज्युहरु,

अव म आ.व. ०७४।०७५ को यथार्थ, ०७५।७६ को संशोधित तथा ०७६।०७७ को अनुमानित आय व्याय विवरण पेश अनुमित चाहन्छु ।

**आर्थिक वर्ष २०७६/०७७ रु हजारमा**

| सि.नं. | शीर्षक | आ.व. २०७४/७५ को यथार्थ | आ.व. २०७५/७६ को संशोधित अनुमान | आ.व. २०७६/७७ को अनुमान |
|---|---|---|---|---|
| | **राजस्व** | ५६,७७,५५ | ५०,५५,२५ | ६८५५०० |
| १ | आन्तरिक श्रोत | ३,२०,४९ | ४०००० | ७,५६,१९ |

